नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वनस्पति विभाग**

थापाथली, काठमाडौं

**सुरक्षा (सेक्युरेटी गार्ड) सिलबन्दी दरभाउपत्र (प्रस्ताव) आव्हानको सुचना**

**(प्रथम पटक राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित मिति:२०७७।०४।०८ गते)**

यस विभागमा आ.व ०७७।७८ को लागी तपसिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुंदा **सुरक्षा (सेक्युरेटी गार्ड) सेवा उपलब्ध गराउने** कार्यका लागी नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त, स्थायी लेखानम्बर (PAN) र मुल्य अभिवृद्दि कर (VAT) दर्ता भएको, कालो सुचिमा नपरेको प्रस्तावदाताबाट उल्लेखित कार्यको लागी रितपुर्वकको सिलबन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिएको छ ।

१) दरभाउपत्र सम्बन्धि कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन २०७७।०४।२२ गते साँझ ५:०० बजे सम्म कार्यालय समय भित्र यस विभागबाट दस्तुर रु .१,०००।०० तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ ।

२) प्रस्तावदाताले दरभाउपत्र खरिद गर्न सम्बन्धीत फर्मको तर्फबाट निवेदन साथ नेपाल सरकारबाट **सुरक्षा (सेक्युरेटी गार्ड) सेवा उपलब्ध गराउने** कार्यका लागी ईजाजत प्राप्त अनुमती पत्रको प्रतिलिपि, मुल्य अभिवृद्दि कर (VAT) दर्ता तथा नविकरण भएको पत्रको प्रतिलिपि, आ.व ०७५।७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

३) प्रस्तावदाताले सिलवन्दी प्रस्तावको खाम बाहिर कामको विवरण, ठेक्का नं., कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्वर उल्लेख गरी १६ औं दिनको १२:०० बजे भित्र (२०७७ साउन २३ गते) यस विभागको जिन्सी शाखामा प्रस्ताव दर्ता गर्नु पर्नेछ । सो दिन बिदा परेमा सो को भोलीपल्ट उल्लेखित समय भित्र प्रस्ताव दर्ता गर्न सकिनेछ ।

४) नेपाल सरकारबाट **सुरक्षा (सेक्युरेटी गार्ड) सेवा उपलब्ध गराउने** कार्यका लागी ईजाजत प्राप्त अनुमती पत्र, मुल्य अभिवृद्दि कर (VAT) दर्ता तथा नविकरण भएको, आ.व ०७५।७६ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी, श्रम रोजगार तथा सामाजिक सुरक्षा कोषमा सुचिकृत प्रमाणपत्रहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणीत गरिएको सक्कलै प्रति पेश गर्नु पर्नेछ ।

५) प्रस्तावदाताले बोलपत्र जमानत वापतको रकम, नेपाल राष्ट्र बैंक, बालुवाटारमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको धरौटी खाता नं. **१२०१२००००१००२५२४** मा (यस बिभागको कोड नं. ३२९०२३५०१/२७३२९०३.) जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर कुनै वाणिज्य बैङ्कबाट यस विभागको नाममा जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ । उक्त बैङ्क ग्यारेण्टी दरभाउ पेश गर्ने अन्तिम मितिबाट ७५ दिन सम्मको मान्य अविधि भएको हुनुपर्नेछ ।

६) १६ औं दिनको (२०७७।०४।२३) दिउसो २:०० बजे दर्ता भएका सबै प्रस्तावहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

७) अंक र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइ सोही अनुरुप गरिने छ । केरमेट भएको ठाऊमा सहिछाप भएको हुनु पर्नेछ ।

८) शिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विभागमा सुरक्षीत रहने छ ।

९) रित नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको सिलवन्दी दरभाउ प्रस्ताव पत्र उपर कुनै कारवाही हुने छैन ।

१०) आयकर लगायत स्थानिय कर र नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर (मु.अ.कर बाहेक) सम्बन्धित दरभाउपत्रदाताले स्वयम व्यहोर्नु पर्नेछ ।

११) दरभाउपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको, ठेक्का सम्बन्धी पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको ब्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम ४० को उपनियम २ (ङ) बमोजिमको घोषणापत्र प्रस्तावपत्रदाताले पेश गर्नु पर्नेछ ।

१२) सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनुका साथै कुनै संशोधन भएमा यस विभागको सुचना पाटीमा सुचना टाँस गरि जानकारी गराईनेछ ।

१३) दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

१४) दरभाउपत्र सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा यस विभागमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपशिल:**

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | लगत अनुमान (ओभरहेड तथा भ्याट सहित) | बैङ्क जमानत रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१– २०७७।०७८–( NCS ) | सुरक्षा (सेक्युरिटी गार्ड) सेवा कार्य | १४,५१,७०८।०० | ३७,०००।०० | |

सम्पर्क व्यक्तिको नाम – ई. महेश प्रसाद भट्ट, सम्पर्क – ०१ ४२१९०६२